ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

पृष्ठ ४ मा



निजगढ विमानस्थल : विवादरहित तरिकाले बनाऔं

❑ वर्ष-१० ❑ अङ्क-२७, २०७५ कात्तिक १७ गते, शनिबार Nov.3, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या: ६

विहान बेलुकाको जोहो



उदयपुरको बेलका नगरपालिका–२ तेपेश्वरीमा माछा मार्दै स्थानीय एक परिवार । खेतमा माछा मारेर उनीहरु बिक्री गर्ने गर्छन । तस्विरः जनता टाइम्स

‘सम्पृद्धिका लागि कृषीमा आत्मनिर्भर जरूरी’



फत्तेपुर / प्रदेश नम्बर २ का भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले कृषिमा आत्मनिर्भर बनाउन सके मात्र प्रदेश नम्बर २ समृद्ध हुने बताएका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिकामा शुक्रवार साना किसान कृषि सहकारी संस्था लिमिटेड ओद्राहाको १३ औ वार्षिक साधारण सभालाई सम्वोधन गर्दै उनले यस्तो वताएका हुन । देशकै कृषियोग्य भूमी प्रदेश नम्बर २ मा रहेको बताउँदै मन्त्री साहले भने, प्रदेश नम्बर २ को मुख्य श्रोत कृषि हो, प्रदेशका जनता कृषिमा निर्भर भए मात्र समृद्ध प्रदेश परिकल्पना गर्न सकिन्छ ।

प्रदेश ले का सरकारले

बाँकी अन्तिम पृष्ठमा

गैरससद्वारा नागरिक सम्मेलन

फत्तेपुर / गैरसरकारी संस्थालाई उद्देश्य अनुसार नै परिचालित गर्ने वातावरण तयार गर्न सप्तरीमा नागरिक सम्मेलन गरिएको छ । गैरसरकारी संस्था महासंघले आफनो नवौं अधिवेशनको अवसर पारी दुई दिने नागरिक सम्मेलनको आयोजना गरेको हो ।

प्रदेश २ का कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्री शैलेन्द्रप्रसाद साहले सम्मेलनको उद्घाटन गरे ।

आइतवारसम्म चल्ने सम्मेलनमा नागरिक स्तरमा रहेको धारणा र गुनासो संकलन गरी गैरसरकारी संस्थालाई विकास-निर्माण तथा समाजिक रुपान्तरणका काममा सहभागी गराउने र गैरसरकारी संस्थाका चुनौती पहिचान गरी त्यसलाई सामना गर्ने विषयमा छलफल हुने आयोजकले जनाएका छन् ।

सम्मेलनमा स्थानीय तहका प्रमुख तथा उपप्रमुख, सम्वन्धित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक अगुवा, दलित तथा जनजातिका प्रतिनिधिहरु, पत्रकार, नागरिक समाजका प्रतिनिधि, उद्योग वाणिज्य संघ, राजनीतिकर्मी लगायतलाई सहभागी गराइएको छ। उनीहरुको सुझाव संकलन गरी आगामी दिनमा गैससलाई कसरी अगाडि बढाउने भन्ने विषयमा खाका तयार गरिने गैरसकारी संस्था महासंघ सप्तरीका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिए ।

नागरिक सम्मेलनको पहिलो दिन शनिवार महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका सहप्रध्यापक सुरेन्द्रप्रसाद गुप्ताले ‘सामुदायिक विकास र सप्तरीका गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि’ शीर्षकमा प्रस्तुत गरेको कार्यपत्रमाथि छलफल भइरहेको छ। कार्यपत्रमा सप्तरीमा गैरसरकारी संस्थाको अवस्था, तिनीहरुको सबल र दुर्वल पक्ष, गैससका कार्यगत र प्रवृत्तिगत चुनौती र आगामी दिनमा चाल्नुपर्ने कदमका विषय समावेश गरिएको छ ।

सप्तरीका अधिकांश गैरसरकारी संस्थामा संस्थागत र नेतृत्वदायी क्षमताको अभाव, दातामुखी, साझा मुद्दामा संस्था-संस्थाबीच समन्वय र साझेदारीको अभाव, मानवीय श्रोत व्यवस्थापनको अभाव, स्थानीय श्रोत र साधनको पहिचान र परिचालनको अभाव, सीमित व्यक्तिको हालिमुहाली, दिगोपनालाई ख्याल नगरी परियोजना सक्ने हतारो, अनुगमन र मूल्यांकनलाई बेवास्ता लगायतको समस्या देखिएको कार्यपत्रमा उल्लेख छ ।

यसैगरी, विषयगत विशेषज्ञताको अभाव तथा बहुदेश्यीय हुनु, दलगत राजनितिलाई सहयोग पुर्याउनु र जनतासँग भन्दा पनि जनताका लागि काम गरेको अहमता गैरसरकारी संस्थाहरुमा देखिएको समस्याका रुपमा कार्यपत्रले औंल्याएको छ ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

सम्पृक्तिका...

कृषि, उद्योग र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएको बताउँदै कार्यक्रमका प्रमुख अतिथी मन्त्री साहले किसानको समस्या र आवश्कतालाई सम्बोधन गर्ने निती तथा कार्यक्रम रहेको सहकारी संस्थाहरुलाई प्रदेश सरकारले पुर्ण रुपले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। गरिव, किसान, मजदूर र मुलुकमा उत्पीडित र सर्वहारा वर्ग र समुदायको हक अधिकारप्राप्तिका निम्ति जिवनभर संर्घष गरेको जानकारी गराउँदै मन्त्री साहले मुलकमा रहेको भेदवाव र असमानता र विभेद अन्त्य नभएसम्म संघर्ष जारी राख्ने बताए।

केन्द्र सरकारको काम कारवाहीप्रति असन्तुष्टि व्यक्त गर्दै मन्त्री साहले केन्द्र सरकारले प्रदेश सरकारप्रति यस्तै रवैया कायम राखे प्रदेश सरकार संविधान वमोजिम अगाडि वढ्ने समेत मन्त्री साहले चेतावनी समेत दिए। साना किसान कृषि सहकारी संस्था लिमिटेड सप्तकोशी नगरपालिका-८ ओद्राहाका अध्यक्ष लक्ष्मी चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा कृषि संस्था बैंक जनकपुरका संरक्षक रामवावु पाण्डे, साना किसान कृषि सहकारी संस्था रायपुरका प्रबन्धक घनश्याम यादव, संघीय समाजवादी फोरम नेपाल सप्तरीका सह सचिव वृजमान तामाङ, सप्तकोशी नगरपालिका वडा नम्वर ९ का वडा अध्यक्ष चन्द्र नारायण यादव, वडा नम्वर ४ का वडा अध्यक्ष वद्री नारायण चौधरी, वडा नम्वर ८ का वडा अध्यक्ष केवार प्रसाद साह, त्रियूगा सहकारी संस्थाका अध्यक्ष शम्भु खड्का, संघीय समाजवादी फोरम नेपाल सप्तकोशी नगरपालिका का संयोजक राम कुमार यादव, सविक ओद्राहा गाविसका भुपु अध्यक्ष रविन्द्र चौधरी, नेकपा सप्तकोशी नगरपालिकाका नगर संयोजक लेखनाथ घिमिरे, सप्तकोशी नगरपालिका वडा नम्वर ८ का वडा सचिव गोविन्द खड्का, माबि ओद्राहाका प्रधानाध्यपक कपलेश्वर यादव, सहकारीका शेयर सदस्यहरु राज कुमारी चौधरी, गोविन्द खत्री, मन्जु चौधरी लगायतकाले शुभकामना मन्तव्य व्यक्त गर्दै किसानको आवश्यकता र समस्याप्रति सरकार गम्भीर नभएको गुनासो गरे।

साना किसान कृषि सहकारी संस्थाका प्रवन्धक विष्णुदेव यादवद्वारा सञ्चालित कार्यक्रममा स्वागत संस्थाका कर्मचारी सुषमा कुमारी चौधरीले गरिन्। कार्यक्रममा संस्थाको गतिविधीमा महत्वपुर्ण योगदान गर्ने दुई दर्जन व्यक्तीहरुलाई प्रमुख अतिथी भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले प्रमाण–पत्र र सम्मान पत्रद्वारा सम्मान गरे भने मन्त्रीसाहलाई संस्थाद्वारा मायाको चिनो प्रदान गरे।

आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔ, अरुलाई पनि बाल श्रम प्रयोग नगर्न सूचित गरौं ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी
सप्तकोशी डेन्टल क्लिनिक
सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन
सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माबि
अगाडी फोन नं.: ०३१-५५०१८७

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– शहरलाई प्लाष्टीक र पदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, वेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७५४३२०२, धरान सम्पर्क: ९८०३८१६७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

चाडपर्वमा सुरक्षा

तिहार शुरू भएको छ । लगतै छठ आउने छ । शहर बजारमा मानिसहरूको चहलपहल र भीडभाड बढेको छ । विशेष चाडबाडका बेला आपराधिक घट्नाहरू बढि हुने गरेका छन् । अपराधीहरू यस्तौ मौकामा सलबलाउने गरेका छन् । तिहारको समयमा लुटपाट चोरीका घट्ना बढि हुने भएकाले प्रहरी प्रशासन बढि सकृय हुने बेला हो ।

चाडबाडको समयमा प्रहरीले सुरक्षाकालागि विशेष सुरक्षा रणनिति अपनाएको हुन्छ । दशैं अगावै सप्तरी प्रहरीले पनि सुरक्षा निति अपनाएको छ । यसलाई कसरी प्रभावकारी बनाउने र चाडवाड अपराध शुन्य बनाउने भन्नेमा प्रहरी प्रशासनको ध्यान हुनु जरूरी छ ।

प्रहरीले ल्याएको विशेष योजना अपराधमा कमी भयो भने मात्र प्रभावकारी भएको मान्न सकिन्छ । चाडपर्वका समयमा हुने अपराधिक घट्नाप्रति थप सतर्कतासँगसँगै सक्रियताको प्रहरीले बढाउनु पर्दछ । प्रहरीको सुरक्षा योजना झारो टार्ने किसिमको हुनु हुदैन । निस्वार्थ सेवाका लागि प्रहरीले अभियान संचालन गर्नु पर्दछ । सुदृढ सुरक्षा न्यवस्थाबाटै सुरक्षा निकाय प्रति जनताको विश्वास बढ्ने भएका कारणले पनि जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन सक्नु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

मानसिक रोग र रोगीहरूबारे सबै गम्भिर बनौ

गणेश लम्भाल

मानसिक रोगलाई समाजमा अझै निको नहुने रोग मानिने गरिएको छ । यो रोग लागेका मानिशहरुलाई पागल भनेर हेप्ने , कुटने , रोगी र उनिहरुको परिवारलाई घृणा गर्ने र बिभिन्न बिभेद गर्ने गरिएको छ । तर यो रोग लागेर उपचार पाएपछि ठीक भएर समाजमा पुर्नस्थापना भएका धेरै उदाहरण छन । तर अझै पनि यो रोग बिरुद्ध समाजमा व्याप्त अन्ध बिश्वास र गलत धारणाहरु ऋापेक्षा अनुरुप परिवर्तन भैरहेका छैनन । अझै मनोरोग भनेको पापीलाई मात्र लाग्ने , निको नहुने , डाक्टरले हैन धामीले मात्र निको पार्ने , बोक्सी र डायन लागेर लाग्ने रोग हो भनेर मान्ने गरिएको छ । अर्कोतिर मानसिक रोग लागेको व्यक्ति निको भएर समाजमा पुर्नस्थापित हुन सक्दैन भन्ने भ्रम पनि कायमै छ । यस्तै बिहे गरिदियो भने मनोरोग निहो हुन्छ । मनोरोगीलाई खुल्ला छाडन हुँदैन अपराध गर्छन । यो रोगको उपचार सहज छैन र महंगो हुन्छ डाक्टरले हैन धामीले मात्र निको पार्न सक्छ भन्ने जस्ता अनेकै भ्रमहरु पनि कायमै छ । मानसिक स्वास्थ्य र मनोरोगबारे यस्ता अनेकौ गलत भ्रमहरु भएपनि जनचेतना जगाउँदै उपचारको अधिकार स्थापित गराउन राज्यको संघ , प्रदेश र स्थानिय तहका सरकार गम्भिर हुन सकेको पाइएको छैन ।

मानसिक रोगीहरु अपांगता भएका व्यक्तिको सुचीमा पारिएको भएपनि बिरामीहरुले अझै भरपर्दो उपचार पाउन नसक्दा अलपत्र जीवन बाच्नुपर्ने बाध्यता कायमै छ । नेपालले अपांगता सम्बन्धि अभिसन्धिमा हस्ताक्षर पनि गरिसकेको छ । यसैले मानसिक रो ाज्य अझै उदासिन अबस्थामा छन । मानसिक रोगी र स्वास्थ्यको क्षेत्रमा चेतनामुलक कार्य गर्दै आएका अधिबक्ता तथा कोषराज न्यौपाने मानसिक रोगीहरुको अवस्था नेपालमा अझै जर्जर अवस्थामा रहेकोले सबै तहका सरकारले गम्भिर भएर उपचार र पुर्नस्थापनामा चासो दिनुपर्नेमा जोड दिन्छन ।

अधिबक्ता न्यौपानेका अनुसार नेपालको संविधान कार्यान्वयन हुने सिलसिलामा तीन तहको निर्वाचन सम्पन्न भई सबै प्रदेशमा सामाजिक विकास मन्त्रालय स्थापना भैसकका छन । यसैले प्रदेश अर्न्तगतका समाजिक बिकास मन्त्रालयले स्वास्थ्य र समाजकल्याण सम्बन्धि निरोधात्मक, उपचारात्मक र पुनर्स्थापना सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिनुपर्दछ ।बेसहारा, गरिब र अशक्त मानसिक अपांगता भएका व्यक्तिहरुको निशुल्क उपचारमा स्वयम्सेवी संस्थाको रुपमा कार्य गर्दै गर्नुपर्छ । अहिलेपनि सयौं नागरिकहरु कडा प्रकारको मानसिक रोग लागि उपचार अभावमा कष्टपूर्ण जीवनयापन गरिरहेका छन् । उनीहरुको उद्धार र पुनर्स्थापना गर्नु अति आवश्यक भईसकेको छ । यसैले संघिय , प्रदेश र स्थानियत हका सरकारहरुले आफनो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा मानसिक स्वास्थ्य र रोगीहरुको बारेमा पनि चासो दिन आवश्यक छ । तीन तहका सरकारहरुले चाहेमा घरैमा थुनिएर वा बाँधिएर बस्न बाध्य भएका मानसिक अपांगता भएका व्यक्तिहरुको उद्धार, निशुल्क उपचार र पुनर्स्थापना गर्ने नीति र कार्यक्रम तुरुन्त संचालन गर्नसक्छन । सडकमा बेसहारा भई जीवनयापन गरिरहेका र बौद्धिक अपांगता भई कष्टपूर्ण जीवन बिताएका व्यक्तिहरुलाई पुनर्स्थापनाका लागि अध्ययन गर्ने नीति र कार्यक्रम संचालन गर्न गराउन सक्छन । मानसिक स्वास्थ्यका बारेमा समाजमा रहेका भ्रमहरु हटाई उपचार प्रणालीको विकास गर्न प्रदेश स्तरीय कार्यशाला गर्ने नीति र कार्यक्रम निर्माण गरेर कार्यान्व्यन गराउन चासो दिनु आवश्यक छ । मानसिक रोगीको सख्या अवस्था र मानसिक रोगकोबारे बिस्तृत अध्यन प्रतिबेदनहरु अहिले सम्म तैयार भएका छैनन यसैले आफनो आफनो क्षेत्रमा यसको अध्यन हुन आवश्यक छ । कडा खाले मानसिक रोगीहरुलाई दिगो संरक्षणकालागि व्यवस्थित हेरचाह केन्द्र स्थापना गरिनु आवश्यक छ । सँगै निको भएका बिरामीहरुलाई उनिहरुको रुचि अनुकलको शिप प्रदान गरि उत्पादन क्षेत्रमा सामाहित गराएर आत्म निर्भर बनाउने कार्यक्रम संचालन गर्न आवश्यक छ ।

लामो सयम राष्ट्रिय मानव अधिकार आयोगमा सेवा गरेका अधिबक्ता न्यौपानेका अनुसाार अझै सडकमा भौतारिएर हिँडन बाध्य कडा खाले मानसिक रोगीहरु घर , समाज , राज्य सबैतिरबाट उपेक्षामा परिरहेको बताउँछन । उनका अनुसार केही गैरसरकारी सँघसँस्थाहरुले सेवाको भावनाले कडा खाले मनोरोगीहरुको उद्धारमा सकृयता देखाएपनि राज्यतर्फबाट भने कुनै पहलकदमी भएको छैन । कडा खाले मानसिक रोगीहरुको उपचार र पुर्नस्थापनामा चुनौती भएकोले सरकारले हेरचाह केन्द्रहरु स्थापना गरेर उनिहरुको उपचार र पुर्नस्थापनामा चासो दिनुपर्नेमा उनि जोड दिन्छन ।

मानकिस स्वास्थ्य र रोगीहरुको बारेमा जनचेतना जगाउन उद्धार संरक्षणमा सहयोग पुरयान स्थापना भएको पहल नेटवर्ककी संयोजक मन्जिता उपाध्यायका अनुसार आजकल दिनदिनै समाजमा मानसिक रोगीहरुको सख्या बढदै जान थालेको छ । तर अझै उपचारकालागि राज्यमा बिज्ञ चिकित्सक , नर्स ,जस्ता दक्ष जनशक्ति र भौतिक स्रोतसाधन सम्पन्न अस्पतालको अभाव छ । अर्कोतिर मानिसक रोगका बारेमा अझै समाजमा बिभिन्न अन्ध बिश्वास र गलत धारणाहरु कायमै रहँदा मानसिक रोगी र उनिहरुको परिवार उत्पिडन भोग्न बाध्य भैरहेका छन ।

मानसिक रोगीहरु अरु रोगीहरुले जस्तो आफनो समस्या आफै बताउन र आफनो अधिकारको अवाज आझै उठाउन सक्दैनन । यसैले उनिहरुको संरक्षणकालागि राज्यमा सरकार संबेदनशिल हुन आवश्यक छ । अधिकारकर्मी मन्जिता उपाध्याय भन्छिन ('मानसिक स्वास्थ्य र मनोरोगबारे आवश्यक समाजिक चेतनाको बिकास पनि हुन सकेको छैन यसैले अब तीनै तहका सरकारहरु गम्भिर हुनुको बिकल्प छैन ।

मानसिक अपांगता भएकाहरुकालागि देशमा मानसिक स्वास्थ्य नीति बनेको भएपनि त्यो अपुरो भएकोले थप परिमार्जन र शंसोधन आवश्यक भएको अधिकारकर्मीहरुले जोड दिदै आएका छन । सरकारले पनि नयाँ मानसिक स्वासथ्य नीति ल्याउने बताएपनि त्यो अझै कार्यान्वयनमा आएको छैन । जनस्वास्थ्य बिज्ञ डा नवराज सुब्बा सबै सरकारी अस्पतालहरुमा मानसिक बिरामीहरुले उपचार पाउने व्यवस्था राज्यले गर्नुपर्ने र औषधीहरु पनि निशुल्क बितरण गर्नुपर्नेमा जोड दिन्छन । अनि कडा खाले मानसिक रोगीहरुको उद्धार , उपचार र संरक्षणकालागि प्रत्येक प्रदेशसमा हेरचाह केन्द्रहरु संचालन गर्न आवश्यक छ ।

मानोरोगी र मानसिक स्वास्थ्यबारे आवाज उठाउन लागिपरेको पहल नेटवर्कले एक नम्बर क्षेत्रमा गरेको प्रारम्भीक प्रतिनिधि घटना अध्यन अनुसार ९० प्रतिशत मानसिक रोगीहरुको उपचारमा अझै पहुच छैन । उनीहरु अझै पनि कमजोर आर्थिक अबस्था र चेतनाको अभाव र संकिर्ण समाजिक मानसिकताले गर्दा अपहेलित भै कठोर यातना सहेर जीवन यापन गरिरहेका छन । उपचार अभावमा कोही सडकमा भौतारिएर त कोही आफनै घरमा थुनिएर वा डोरी र सांग्लोमा बाँधिएर बाच्न बिवश छन । सुरुमा उदासिनताको रोगी मात्र भएका उनीहरु समयमै उपचार हुन नसक्दा कडा मानसिक रोगीमा फेरिन बाध्य भैरहेका छन । अझै मानसिक रोग लागेको व्यक्ति र उनिहरुको परिवारलाई समाजले सकारात्मक दृष्टिले हेर्ने गरेको छैन । कार्य क्षेत्रमा खटिएका मानसिक रोगीहरुको बारेमा त यो असक्षम हो भनिने मात्र हैन अनेक थरिका प्रताडनाहरु समेत दिने गरिन्छ ।

मानसिक स्वास्थ्यको अधिकार पनि बाच्न पाउने मानव अधिकार भएकोले सबै मानसिक रोगीहरुले राज्यमा निशुल्क कानुनी उपचार पाउनुपर्ने महिला अधिकारकर्मी मन्जिता उपाध्यायको जोड छ । उनका अनुसार नेपालले अपांगता भएका व्यक्तिहरुको महासन्धि २००६ लाई अनुमोदन गरिसकेकोले मानिसक अपांगता भएकाहरुको उद्धार , उपचार र दिगो संरक्षण गर्नु राज्यको दायित्व हुन्छ । तर बिडम्बना अझै सम्म यी सबै कुरा कागज र भनाइमै मात्र सिमित छन ।

मानसिक रोगबारेको गलत धारणमा पहिले भन्दा धेरै सुधार आएको छ । तर अझै भ्रमहरु निवारण हुन सकेका छैनन । सरकारले अन्य रोगहरुकाबारे लोकल्याणकारी ढंगले जनचेतना जगाउने गरेपनि मानसिक रोगका भ्रम र उपचारबारे अझैसम्म बोल्ने गरेको छैन । अझै कडा खाले मानसिक रोगीहरुलाई उद्धार गरेर उपचार गराउने अनि समाजमा पुर्नस्थापना गराउने कामहरु हुन सकेका छैनन । उनिहरुकालागि अझै दिगो संरक्षणकालागि हेरचाह केन्द्र संचालन हुन सकेका छैनन । अझै मानिशहरु धक फुकाएर रोगको उपचार गराउन अस्पताल सम्म आउन सकिरहेका छैनन । मानोबिज्ञहरुका अनुसार समाजमा मानसिक रोगबारे पर्याप्त सकारात्मक चेतनाको बिकास हुन नसक्दा यो रोगका बिरामीहरु खुलेर बाहिर आउन सकिरहेका छैनन । सुरुमा डिप्रेसको मात्र बिरामी भएपनि उचित उपचार र पशमर्श नपाउँदा बिस्तारै 'क्रोनिक' बिरामीमा उनीहरु फेरिने गरेका छन । यसैले यसबारे राष्ट्रिय मानव अधिकार आयोग सबै तहका सरकारहरु अनि अधिकारकर्मी , चिकित्सक , मनोबिज्ञ , पत्रकारिता जगतदेखी आम नागरिक समाजले चासो दिन आवश्यक छ ।

महामारीको रूप लिन सक्ने घातक ११ रोगहरू

बीबीसी

विश्व स्वास्थ्य सङ्गठनले सन् २०१५ देखि 'प्राथमिकता' दिइएका घातक सङ्क्रामक रोगहरूको सूची प्रकाशित गर्दै आएको छ। ती रोगबारे थप अनुसन्धान आवश्यक रहेको बताइन्छ।

महामारीको रूपमा फैलिने सक्ने तिनको क्षमताका कारण र रोकथाम गर्न औषधि र खोप नभएकाले गर्दा ती रोगले जनस्वास्थ्यमा ठूलो जोखिम पार्ने मानिएको छ।

संगठनको सूचीमा केही समयअघि अफ्रिका र भारतमा फैलिएका इबोला र निपा भाइरस पनि परेका छन्। सूचीमा ११ रोगहरू समाविष्ट छन्।

निपा भाइरस

निपा भाइरस फ्रूट ब्याट भनिने एक किसिमको चमेरोबाट घरपालुवा जनावर र मानिसमा सर्छ। निपा भाइरसको सङ्क्रमण हुँदा ज्वरो आउने, बान्ता हुने, टाउको दुख्ने जस्ता लक्षण देखिन्छ। त्यसपछि मस्तिष्क सुन्निन्छ।

निपा भाइरसविरुद्ध कुनै खोप बनेको छैन। सङ्क्रमित व्यक्तिमा ७० प्रतिशत मृत्युदर देखिएको छ। सन् १९९८ मा मलेशियाली नगर निपामा पालिएका सुँगुरहरूमा यो भाइरस पहिलो चोटि भेटिएको थियो। त्यसैले यसको नाम नै निपा भाइरस राखियो।

सङ्क्रमित पशुबाट झन्डै तीन सय मानिसहरूमा यो भाइरस सरेको पाइएको छ। रोग फैलिएपछि एक सयभन्दा बढी मानिसको मृत्यु भएको विवरण प्राप्त भएको छ।

हेनिपाभाइरल डिजिजेज

निपा भाइरस चमेरोबाट सर्ने रोगहरूको वर्ग 'हेनिपाभाइरल डिजिजेज' अन्तर्गत पर्छ। पहिलो चोटि अस्ट्रेलियामा पत्ता लागेको हेन्ड्रा भाइरसलाई पनि यही वर्गमा राखिएको छ।

यो फ्रूट ब्याटमा पाइन्छ। यसको सङ्क्रमण हुँदा घोडा र मानिसहरूको मृत्यु हुनसक्छ। सन् १९९४ मा पहिलो चोटि ब्रिस्बेनको हेन्ड्रास्थित एउटा तबेलामा यसको महामारी फैलिएको थियो।

यसबाट ७० वटा घोडाको मृत्यु भइसकेको छ भने रोग सरेका सातमध्ये चार मानिसको पनि ज्यान गएको छ।

सीसीएचएफ

क्राइमिएन(कङ्गो हेमर्रुयाजिक फिभर (सीसीएचएफ) किर्नाबाट सर्छ। यसले मानिसमा गम्भीर महामारी फैलाउन सक्छ। यसबाट मृत्यु हुने अनुपात ४० प्रतिशतसम्म छ।

सन् १९४४ मा पहिलो चोटि क्राइमियामा र पछि कङ्गोमा पनि भेटिएको यो भाइरस पूरै अफ्रिका, बाल्कन प्रायस्द्वीप र मध्यपूर्व एवम् एशियाका केही भागमा पाइन्छ। यो रोग अकस्मात् सुरु हुन्छ। टाउको दुख्ने, धेरै ज्वरो आउने, ढाड दुख्ने, जोर्नी दुख्ने, पेट दुख्ने र बान्ता हुने जस्ता लक्षण देखिन्छ।

यो भाइरस मुख्यतस् किर्नाले टोक्दा वा सङ्क्रमित गाईवस्तुबाट मानिसमा सर्छ। सङ्क्रमित मानिसको रगत वा शरीरबाट उत्पन्न हुने अन्य तरल पदार्थबाट पनि अर्को मानिसमा सर्छ।

मानिस वा पशु कसैका लागि पनि यो रोगको उपचार गर्न खोप उपलब्ध छैन।

इबोला भाइरस

इबोला भाइरस पनि फ्रूट ब्याटबाट नै उत्पन्न भएको विश्वास गरिन्छ। सन् १९७६ मा प्रजातान्त्रिक गणतन्त्र कङ्गोको इबोला नदीनजिकै फैलिएको महामारीमा यो भाइरस पत्ता लागेको थियो।

इबोला भाइरस जङ्गली जनावरबाट मानिसमा सर्छ। मानिसबाट मानिसमा पनि सर्नसक्छ। इबोला भएको मानिसको घाउ भएको छाला, मुख वा नाकबाट अथवा रगत, बान्ता, मल र शरीरको तरल पदार्थ छोइँदा पनि सङ्क्रमण सर्छ। यो भाइरस मूत्र र वीर्यमा पनि हुनसक्छ।

इबोलाको औसत मृत्युदर ५० प्रतिशत रहेको छ। त्यसैले यसलाई गम्भीर रोगका रूपमा लिइन्छ। यसले पश्चिम अफ्रिकामा सन् २०१४ देखि २०१६ सम्म भएको महामारीमा ११ हजार मानिसको ज्यान लियो।

अकस्मात् ज्वरो आउने र थकाइ लाग्ने, त्यसपछि झाडापखाला हुने, डाबर आउने एवम् मिर्गौला र कलेजोले राम्ररी काम नगर्ने जस्ता इबोलाका लक्षण हुन्। कसैकसैमा आँखा, कान, नाक र मुखमा आन्तरिक र बाह्य रक्तस्राव पनि हुनसक्छ।

मार्बर्ग भाइरस

मार्बर्ग भाइरसलाई इबोलाको नजिकैको नातेदार मानिन्छ। सङ्क्रमित मानिसको शरीरको तरल पदार्थसँग सम्पर्क हुँदा अन्य मानिसमा यो भाइरस सर्छ। यो पनि चमेरामा पाइन्छ। यसका कारण हुने मृत्युको दर २४ देखि ८८ प्रतिशतसम्म छ।

रोगका लक्षणहरू देखा परेको प्रायस् आठ र नौ दिनको बीचमा उच्चरक्तस्राव भएर सङ्क्रमित व्यक्तिको मृत्यु हुनसक्छ। जर्मनीको मार्बर्गमा सन् १९६७ मा यो भारइस पहिलो चोटि पत्ता लागेको थियो। त्यतिबेला फ्रान्कफर्ट र सर्बियाको राजधानी बेल्ग्रेडमा पनि यो रोगको महामारी फैलिएको थियो।

सार्स

सिभिअर अक्युट रेस्परटरी सिन्ड्रोम (सार्स) भाइरसले गराउने श्वासप्रश्वाससँग सम्बन्धित रोग हो। यो रोग 'सिभिट क्याट' भनिने वनबिरालोबाट मानिसमा सरेको हुनसक्ने वैज्ञानिकहरूको मान्यता छ। सिभिट क्याटको मासु दक्षिण चीनमा स्वादिलो मानेर खाने प्रचलन छ।

तर यो रोगको सम्बन्ध चमेरोसँग पनि छ। हालसम्म सार्सको महामारी सन् २००२ देखि २००४ सम्म दुई चोटि फैलिएको छ।

यूकेको न्याशनल हेल्थ सर्भिसका अनुसार सार्सका ८,०९८ केसहरू दर्ता भएका थिए। तिनमध्ये ७७४ व्यक्तिको मृत्यु भएको थियो। अर्थात् गम्भीर खालको न्युमोनिया गराउने यो भाइरसले दश सङ्क्रमित व्यक्तिमध्ये झन्डै एक जनाको ज्यान लिनसक्छ।

सार्स हावाबाट पनि सर्छ। रुघामा जस्तै सङ्क्रमित व्यक्तिले खोक्दा वा छ्युँ गर्दा थुकको सूक्ष्म थोपाबाट यो फैलिन्छ। सन् २००४ पछि सार्सको केस कतै पनि भेटिएको छैन।

मेर्स

मिडल इस्ट रेस्परटरी सिन्ड्रोम (मेर्स) पनि सार्स भाइरसकै परिवारको सदस्य हो। यो सन् २०१२ मा साउदी अरेबियामा पहिलो चोटि भेटिएको थियो।

यसको सङ्क्रमण भएका झन्डै ३५ प्रतिशत बिरामीको मृत्यु भएको छ। सङ्क्रमण हुँदा मेर्स सार्सभन्दा बढी घातक हुन्छ। तर यो कम सरुवा भएको देखिन्छ।

पर्याप्त सुरक्षाविनै बिरामीको स्याहार गर्दा वा अरू किसिमको संसर्गबाट मानिसबाट मानिसमा यो रोग सर्नसक्छ। वैज्ञानिकहरू ऊँटमा मेर्स भाइरस पाइने बताउँछन्। तर मानिसमा कसरी यो सर्रयो भन्ने स्पष्ट छैन।

मेर्सका कुल केसहरूमध्ये ८० प्रतिशत साउदी अरेबियामा भेटिएका छन्।

रिफ्ट भ्याली फिभर

लामखुट्टे र रगत चुस्ने झिँगाले रिफ्ट भ्याली फिभर (आरभीएफ) गराउने भाइरस सार्छन्। यसबाट प्रायस् गाईवस्तु र भेडा प्रभावित हुन्छन्।

तर यो रोग मानिसमा पनि सर्नसक्छ। मानिसमा यसबाट सामान्य रुघाजस्तो स्थितिदेखि गम्भीर समस्यासम्म देखिन सक्छ। रक्तनली बिग्रिने र अङ्गले काम नगर्ने भएर मृत्यु हुनसक्छ।

मानिसमा अधिकांश सङ्क्रमणहरू, सङ्क्रमित वस्तुभाउ जनावरको रगत वा मासुसँग प्रत्यक्ष वा परोक्ष सम्पर्क भएका कारणले हुने गरेका छन्। सङ्क्रमित गाईवस्तुको दूध राम्ररी नउमाली सेवन गर्दा पनि यो भाइरस सरेको हुनसक्ने केही प्रमाण भेटिएका छन्।

लामखुट्टे र रगत चुस्ने झिँगाबाट पनि मानिसमा सङ्क्रमण भएको भेटिएको छ। केन्याको रिफ्ट उपत्यकामा सन् १९३१ मा पहिलो चोटि यो भाइरसको सङ्क्रमण भेटिएको थियो।

जिका

जिका रोग मूलतस् जिका भाइरसबाट सङ्क्रमित लामखुट्टेबाट मानिसमा सर्छ। तर यौनसम्पर्क गर्दा पनि मानिसबाट मानिसमा सर्नसक्छ।

ज्वरो आउने, छालामा डाबर देखिने, मांसपेशीमा पीडा हुने र टाउको दुख्ने यसका लक्षणहरू हुन्।

जिकाकै कारणले अस्वाभाविक रूपमा 'माइक्रोसेफली' अर्थात् असामान्य किसिमले सानो शिर भएका शिशुको जन्मको सङ्ख्यामा वृद्धि भएको विश्वास वैज्ञानिकहरू गर्छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार जिका भाइरसले गुइलाएन(बारे सिन्ड्रोम भनिने स्नायुप्रणालीमा हुने दुर्लभ खालको समस्या उत्पन्न गराउनसक्छ, जसबाट युवाहरूमा पक्षाघात हुन्छ।

यो भाइरसविरुद्ध कुनै खोप बनेको छैन।

जिका भाइरस पहिलो चोटो युगान्डाको जिका वनमा बस्ने बाँदरहरूमा सन् १९४७ मा पत्ता लागेको थियो।

लास्सा फिभर

सङ्क्रमित मूसाको मलमूत्रका कारणले प्रायस् मानिसहरूमा लास्सा भाइरस सर्छ। मानिसबाट मानिसमा सर्न चाहिँ सङ्क्रमित व्यक्तिको रगत, मलमूत्र अथवा शरीरमा हुने अन्य तरल पदार्थसँग प्रत्यक्ष सम्पर्क हुनुपर्छ।

अङ्गले काम गर्न छोडेर र रक्तनलीमा क्षति भएर रोग लागेको १४ दिनभित्र बिरामीको मृत्यु हुनसक्छ। तर यसबाट हुने मृत्युदर एक प्रतिशत मात्रै छ।

लास्सा फिभर भएका अधिकांश व्यक्तिमा ज्वरो आउने, टाउको दुख्ने र थकाइ लाग्ने भएको पाइन्छ।

तर गत मार्चमा नाइजिरियामा यो रोग फैलिँदा झन्डै ९० जनाको मृत्यु भयो। त्यतिबेला यसको मृत्युदर रोग निदान गरिएका र भएको आशङ्का गरिएका केसहरूमा २० प्रतिशत थियो।

सन् १९६९ मा नाइजिरियाको लास्सा नगरमा पहिलो चोटि यो भारइस भेटिएको थियो।

डिजिज एक्स

विश्व स्वास्थ्य सङ्गठनले डिजिज एक्स नामकरण गरेर महामारीको रूपमा फैलिन सक्ने 'अज्ञात रोग'लाई विशेष ध्यान दिनुपर्ने रोगको सूचीमा राखेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार हाल मानिसमा हुने रोगको कारक भनेर नचिनिएको जीवाणुले कुनै बेला विश्वव्यापी रूपमा गम्भीर महामारी फैलाउनसक्छ। यसैलाई डिजिज एक्स भनिएको हो।

विश्व स्वास्थ्य सङ्गठनसँग आबद्ध वैज्ञानिकहरूले संसारमा जुनसुकै बेला पनि घातक भाइरस उत्पन्न हुनसक्ने र त्यसका लागि हामी तयार रहनुपर्ने बताउने गरेका छन्। त्यसैले डिजिज एक्स हाल थाहा नभएको कुराको प्रतिनिधि हो।

डेंगु रोगसम्बन्धी स्वास्थकर्मीहरुलाई जानकारी वर्षेनि अत्यावधिक गराउँदै लैजाने र सर्वसाधारणबीच चेतनामूलक कार्यक्रमहरु खासगरी डेंगु सिजन अगाडि नै लागि गर्नसके डेंगु प्रकोपलाई रोक्न वा समयमै नियन्त्रण गर्न धेरै सहज हुनेछ।

तपाईंको यो साता

मेष (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

वृष (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

कन्या (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

वृश्चिक:(टो,प,पी,पु,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

तुला (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

धनु (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

कुम्भ (चु,चे,चो,ला,लि,लि,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

निजगढ विमानस्थल : विवादरहित तरिकाले बनाऔं

संगीता रेग्मी







सर्वाधिक चासोको विषय बनेको प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको निर्माण सुरू नहुँदै विवाद र बहस बढेको छ । विमानस्थल आयोजना निर्माण प्रक्रिया अघि बढेसँगै यसमा विभिन्न बहससमेत सतहमा आएका छन् । विमानस्थल निर्माणमा लाखौं रूख कटान हुने भनेर वातावरणविद्ले चिन्ता व्यक्त गरेका छन् भने विकासवादीले मुलुक समृद्धिका लागि यो आयोजना अपरिहार्य भएको धारणा व्यक्त गरेका छन् । वन मन्त्रालयले आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरी आवश्यक रूख काट्न पर्यटन मन्त्रालयले अनुमति मागेको छ ।

बारा जिल्लाको पूर्वी उत्तर क्षेत्र अर्थात् राजमार्ग क्षेत्र दक्षिणमा लालबकैया नदीदेखि पश्चिम पसाहा क्षेत्रमा निजगढ विमानस्थल बन्नेछ । फास्ट ट्रयाकले महेन्द्र राजमार्ग भेट्ने स्थलभन्दा केही किमी दक्षिणमा बन्नेछ, निजगढ विमानस्थल । सरकारको प्राथमिकतामा परेको निजगढ विमानस्थल आयोजना क्षेत्रमा करिब १६ सय घर धुरीको बसोबास र घना चारकोसे झाडी छ । विमानस्थल निर्माण हुने क्षेत्रभित्र तीन बस्ती (काट गाउँ परैयाँ गाविस ८, टाँगिया वस्ती र मटियानी टोल) र बारा जिल्लाको प्रसिद्ध सहजनाथ महादेवको मन्दिर (गढीमाई नगरपालिका) पर्ने छ ।

निजगढ विमानस्थलको चर्चा सुरू भएको २० वर्ष बितिसकेको छ । सरकारले विमानस्थलको खाँचोको महसुस गरेर २०५१ सालमै नेपालभरका आठ वटा वैकल्पिक क्षेत्रहरूको पूर्वसम्भाव्यता अध्ययन गर्दा बारा जिल्लाको त्यस क्षेत्रमा विमानस्थल बनाउन सबैभन्दा उपयुक्त हुने भनेर किटान गरिए पनि त्यसले खासै महत्व पाएको थिएन । तर, गणतन्त्र स्थापनापछि त्यसले थप चर्चा पायो र पछिल्लो चरणमा अघि बढाउने प्रयास भइरहेको छ ।

विमानस्थलको चार किल्ला क्षेत्र छुट्याइ ५०(५० मिटरमा कंक्रिटको पोलबाट सिमाना छुट्याउने कार्य सम्पन्न भइसकेको छ । चार किल्लाभित्रको निजी स्वामित्वमा रहेका घरजग्गा पहिचान भई अधिग्रहण गर्ने प्रक्रियामा रहेको भनिए कामको प्रगति खासै हुन सकेको छैन । जे भए पनि वर्तमान सरकारले त्यसलाई अघि बढाउने निश्चित रहेको बताइन्छ । कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानुनी प्रावधान छ । वृक्षरोपणको सुनिश्चिततासँगै तत्काल आवश्यक रूख कटान हुने सरकारले जनाएको छ । विकास गर्दा विवादरहित तरिकाले गर्नुपर्छ । तत्कालको आवश्यक्ता अनुसारमात्र रूख काट्नु उपयुक्त हुन्छ ।

आयोजना क्षेत्रमा तथा त्यसको वरपर जम्मा २३ विभिन्न प्रजातिका स्तनधारी प्राणी र करीब ५ सय प्रजातिका चरा पाइन्छन् । आयोजना क्षेत्रमा पर्ने टाँगिया, मतियानी र काठघाट बस्तीमा जम्मा एक हजार ६१० घरधुरीको बसोबास छ । आयोजना क्षेत्रमा पाँच लाख ८५ हजार ४९९ वटा रूख र १८ लाख ६४ हजार ८२० वटा पोल आकारका वनस्पति छन् । यस विमानस्थलको पूर्वसम्भाव्यता अध्ययन सन् १९९५ मा गरिएको थियो । धेरै सम्भाव्यस्थानको अध्ययन गरिएकामा बारामा अवस्थित यो क्षेत्र सबैभन्दा उपयुक्त पाइएको हो ।

रूख कटान अघि क्षतिपूर्तिका लागि वृक्षरोपण गर्ने स्थान र योजनाका बारेमा निश्चित गर्न दुवै मन्त्रालयबीच सहमति भइसकेको छ । कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानूनी प्रावधान छ । प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना प्रदेश नं २ को बाराको निजगढमा अवस्थित छ । यस विमानस्थलको निर्माणको प्रथम प्रस्तावमा अन्तर्राष्ट्रिय नागरिक प्राधिकरणको मापदण्डअनुसारको धावन मार्ग, टचाक्सी मार्ग, टर्मिनल र एप्रोनलगायतका आवश्यक परिवहन तथा सञ्चार सुविधा भएको अन्तर्राष्ट्रिय विमानस्थल रहनेछ । दोस्रो प्रस्तावमा आधुनिक यातायात सुविधा, समानान्तर धावन मार्ग, टचाक्सी मार्ग, एअरलाइन्स सेटअप, हयाङ्गर, सञ्चार, खानेपानी आपूर्ति, ढल व्यवस्थापन र अन्तर्राष्ट्रिय विमानस्थल नजीकै सुविधा होटल लज सहितको विमानस्थल शहरको विकास रहेको छ । विमानस्थल सबै हिसाबले उपयुक्त छ, वरपर पहाड नभएको, टाढा दूरीमा पनि राम्रोसँग देख्न सकिने अर्थात शून्य 'भिजिबिलिटी'मा विमान उडान तथा अवतरण गर्न सकिने, राजधानी नजीक राजमार्गसँगै जोडिएको गन्तव्य, धावनमार्गका लागि कम खर्चिलोलगायत तर्कले यो सबैभन्दा उपयुक्तस्थल भएको बुझाई छ ।

विकासका लागि पूर्वाधार निर्माणमा वातावरणीय मुद्दा आउनु स्वाभिक नै हो । विश्व वातावरण संरक्षणबाट कोहि पनि पन्छिन सक्दैन तर यस्तै किसिमका पूर्वाधार निर्माणमा यतिकै संख्यामा रूख कटानी गरी संरचना निर्माण गरेका धेरै उदाहरणहरू रहेका छन् । जसमध्ये टर्कीको इस्तानबुल विमानस्थल एउटा नमुना हो । उक्त विमानस्थल निर्माण गर्दा पनि वातावरणविदहरूले यस्तै किसिमको आवाज बाहिर ल्याएका थिए । इस्थानबुल विमानस्थलको क्षेत्रफल निजगढ विमानस्थलको भन्दा केही सय मात्र कम छ । उक्त विमानस्थलको क्षेत्रफल ७ हजार ६ सय पचास हेक्टर रहेको छ । जसमध्ये ६ हजार १ सय ७२ वन क्षेत्र रहेको थियो । जसमा साना ठूला गरेर २५ लाख १३ हजार ३४१ रूखहरू रहेका थिए । जसमध्ये कटानी नगरी नहुने ६ लाख ५७ हजार रूख काटिएको थियो । जसको बदलामा झण्डै १८ लाख रूखहरू रोपिएको थियो । निजगढ विमानस्थल पनि यसै गरी निर्माण गर्न सकिन्छ ।

पूर्वाधार विकाससँगै वातावरणको विनाशको चिन्ता लिनु स्वाभाविकै हो । तर विकास बिना वातावरण संरक्षणको मन्त्रले मात्र केहि पुऱ्याउँदैन । आज विकसित भनिएका मुलुकले वातावरण संरक्षण मात्र हेरेको भए त्यो अवस्थाको विकासमा पुगदैन थिए होला । कार्बन डाइअक्साइड र क्लोरोफ्लोरो कार्बनको उत्सर्जन र तिनले वातावरणमा निम्त्याउने समस्या अल्पविकसित देशभन्दा विकसित देशकै हिस्सा बढी छ । राष्ट्रिय गौरवको आयोजना दोस्रो विमानस्थल निर्माण अगाडी बढ्दै गर्दा ठूलै वातावरणीय विनाश हुने भन्दै कोकोहोलो मचाउनेहरूलाई प्रश्न छ, नेपालको कूल ४३ प्रतिशत भू(भाग वनजंगलले ढाकिँदा पनि हाम्रा चाँदी जस्ता हिमालहरू किन पगल्दै छन् ? तापक्रम दैनिक किन बढ्दै छ ? अतः पर्याप्त पूर्वाधार विकासले मात्र देशलाई आर्थिक समृद्धि तर्फ डोऱ्याउँछ । समृद्धिले मात्र दिगो विकासलाई संरक्षण गर्न सक्छ । वन विनाश र वातावरणीय असरको रडाको मच्चाएर निजगढ विमानस्थलको विकल्प खोज्ने होइन कमभन्दा कम वातवरणीय क्षतिमा यसको निर्माण समयमै सम्पन्न गर्नु आम नगारिकको हितमा हुनेछ ।

(मधेश दर्पण फिचर सेवा)

publicnews8@gmail.com/ 9852047779/9852065409
LOG ON... www.janatimes.com
लोकप्रिय डिजिटल मिडिया
jt janatimes
विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

बढ्यो बैंक तथा वित्तीय संस्थामा महिलाको खाता

फत्तेपुर / पछिल्लो समयमा वित्तीय क्षेत्रमा नेपाली महिलाको पहुँच क्रमशः बढ्दै गएको पाइएको छ । संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले सार्वजनिक गरेको मानव विकास सूचकाङ्कको 'वित्तीय संस्थामा महिलाका खाता' शीर्षकमा सो विषय समावेश गरिएको छ ।

सन् २०११ देखि सन् २०१७ सम्मको तथ्याङ्कमा नेपाली महिलाले पछिल्लो छ वर्षमा नै दोब्बर खाता खोलेको पाइएको हो । प्रतिवेदनअनुसार सन् २०११ मा २१ दशमलब दुई प्रतिशतले मात्रै बैंक तथा वित्तीय संस्थामा खाता खोलेका थिए भने सन् २०१७ को अन्त्यमा आइपुग्दा सो सङ्ख्या बढेर ४१ दशमलब ६ प्रतिशतमा पुगेको छ ।

प्रतिवेदनले महिला क्रमशः वित्तीय संस्थाको पहुँचमा पुग्दै गएको र त्यो सङ्ख्या क्रमशः बढ्दै जाने देखाएको छ । शहरी तथा ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच बढ्दै गएको, बचत गर्नुपर्छ भन्ने मान्यताको विकास भएका कारण पनि महिलाको सङ्ख्यामा वृद्धि भएको हो ।

सरकारले चालू आर्थिक वर्षको बजेटमा हरेक नेपालीको एक बैंक खाता अनिवार्य खोल्ने कार्यक्रम ल्याएको छ । सो कार्यक्रमले समेत महिलाको सङ्ख्यामा वृद्धि हुने देखिएको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत भदौ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या गत २०७५ भदौ मसान्तमा १५१ रहेका छन् । हाल २८ वाणिज्य बैंक, ३३ विकास बैंक, २४ वित्त कम्पनी र ६६ लघुवित्त संस्था सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल गत असार मसान्तमा छ हजार ६५१ रहेकामा गत २०७५ भदौ मसान्तसम्ममा छ हजार ८१९ पुगेका छन् ।

सङ्घीयता कार्यान्वयनका क्रममा गठन भएका ७५३ स्थानीय तहमध्ये २०७५ भदौ मसान्तसम्म ६६६ स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति पुगेको छ । सरकारले सबै स्थानीय तहमा वाणिज्य बैंकलाई आफ्ना शाखा विस्तार गर्न बाध्यकारी व्यवस्था गरेको छ ।

नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता गोविन्दप्रसाद नागिलाका अनुसार हालसम्म बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने नेपालीको सङ्ख्या रु दुई करोड ३५ लाख रहेका छन् । "एकै व्यक्तिका पनि तीन/चार वटासम्म बैंक खाता रहेका छन्, सबै खातालाई फरकफरक खाताका रुपमा लिइन्छ", सहायक प्रवक्ता नागिलाले भने ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) देशमध्ये भारतमा सन् २०११ मा २६ दशमलब पाँच प्रतिशत महिलाले खाता खोलेकामा सन् २०१७ मा बढेर ७६ दशमलब ६ प्रतिशत पुगेको छ ।

यस्तै भूटानमा २७ दशमलब ७ प्रतिशत महिला बैंक तथा वित्तीय संस्थाको पहुँचमा पुगेका छन् । पाकिस्तानमा सन् २०११ मा मात्रै तीन प्रतिशत महिलाले बैंक तथा वित्तीय संस्थामा खाता खोलेकामा सन् २०१७ मा पुग्दा सात प्रतिशत पुगेका छन् ।

छिमेकी देश बङ्गलादेशमा सन् २०११ मा २६ प्रतिशत महिला बैंक तथा वित्तीय संस्थामा आबद्ध रहेको र त्यो सङ्ख्या सन् २०१७ को अन्त्यसम्म बढेर ३५ दशमलब आठ प्रतिशतमा पुगेको छ । अफगानिस्तानमा सात दशमलब दुई प्रतिशत महिला मात्रै वित्तीय संस्थाको पहुँचमा रहेका छन् । यस्तै श्रीलङ्कामा ७३ दशमलब चार प्रतिशत महिला वित्तीय संस्थाको पहुँचमा छन् ।

अष्ट्रेलियामा ९९ दशमलब दुई, अष्ट्रियामा ९८ दशमलब चार, बेल्जियममा ९८.८, चीनमा ७६ दशमलब चार प्रतिशत महिलाको पहुँचमा बैंक तथा वित्तीय संस्था रहेका छन् । यस्तै बेलायतमा ९६ दशमलब एक प्रतिशत ४, अमेरिकामा ९२ दशमलब ७ प्रतिशत मात्रै बैंकिङ पहुँचमा रहेका छन् ।

पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाले महिलालाई नै केन्द्रित गरेर खाता खोल्ने कार्यक्रम अगाडि सारेका छन् । राष्ट्रिय वाणिज्य बैंकले महिलालाई नै केन्द्रित गरे महालक्ष्मी बचत खाता कार्यक्रम सञ्चालन गरेको छ । कृषि विकास बैंकले एक घर, एक खाता हाम्रो अभियान सञ्चालन गरेको छ । निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले पनि महिला केन्द्रित खाता कार्यक्रम सञ्चालनमा ल्याएका छन् । यी विभिन्न कार्यक्रमले बैंक तथा वित्तीय संस्थामा महिलाको पहुँच बढाएको छ ।

स्वरोजगार कोषको कर्जा नतिर्नेलाई कालो सूची

काठमाडौं / युवा तथा साना व्यवसायी स्वरोजगार कोषले भाका नाघेका कर्जा नतिर्नेलाई कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने भएको छ । कोषले आज पत्रकार सम्मेलनको आयोजना गरी भाखा नाघेको कर्जा नतिर्नेलाई अचल सम्पत्ति रोक्का गर्ने, सरकारी सेवा सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने र पासपोर्ट रोक्का गर्नेलगायत कानूनी कारवाही गर्ने तयारी गरेको छ । कोषको भाखा नाघेको कर्जा उठन बाँकी रु २७ करोड पाँच लाख ६४ हजार ५७९ रहेको छ । सो कर्जा नतिर्नेलाई सो कानूनी गर्ने प्रक्रिया अगाडि बढाएको कोषका कार्यकारी निर्देशक डा विष्णुप्रसाद गौतमले बताए । कोषले हालसम्म रु तीन अर्ब ५९ करोड ३१ लाख ३३ हजार ८९६ लगानी गरेको छ । त्यसमध्ये रु चार अरब २२ करोड सात लाख ४१ हजार १०४ लगानीमा रहेको छ ।

आर्थिकरूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता, घाइते तथा शहीद परिवार एवं परम्परागतरूपबाट पिछडिएका जातजाति र वर्गलाई तालीम र कर्जाको पहुँचमा विशेष प्राथमिकता दिई स्वरोजगार हुने अवसर प्रदान गर्ने कोषको प्रमुख लक्ष्य रको छ । कोषले व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक कार्यक्रममा उद्यमशीलता विकास गरी स्वरोजगार बन्न व्यक्तिलाई प्रतिव्यक्ति रु दुई लाखसम्म र समूहमा काम गर्न चाहेमा बढीमा २५ जनाको समूहलाई अधिकतम रु ५० लाखसम्म आवधिक ऋण बैंक, वित्तीय संस्था र सहकारी संस्थामार्फत प्रदान गर्ने गरेको छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरूवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सै घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१



IME सेवाः यहाँ विश्वको जुनसुकै देशवाट पठाइएको रकम तुरून्त पाउनुका साथै पठाइन्छ पनि ।



Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

